लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
गुल्मी, नेपाल
फोन नं ०७९-५२०११२
९८५७०८६६५४

# प्रशिक्षक सूचीकृत हुने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८२।०५।०२

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गर्नुपर्ने भएकोले तपसिल बमोजिमका योग्यता पुगेका प्रशिक्षक तथा सहायक प्रशिक्षकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित कार्यालयमा सूचीकृत हुन अनुरोध छ ।

तपसिलः

| सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिम | सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिम |
|---|---|---|---|
| १ | भिडियोग्राफी, भिडियो मिक्सिङ्ग, सम्पादन र फोटोग्राफि तालिम | ५ | Travel Agent तालिम (३९० घण्टे सीप परीक्षण) |
| २ | सेरामिक्सका भाडा बनाउने एडभान्स तालिम | ६ | General cook तालिम (३९० घण्टे सीप परीक्षण) |
| ३ | खुदोबाट चकलेट बनाउने तालिम | ७ | आधारभुत मन्टेश्वरी तालिम (३९० घण्टे सीप परीक्षण) |
| ४ | एडभान्स सिलाई कटाई र बुनाई तालिम | ८ | अन्य.. |

## प्रशिक्षक तथा सहायक प्रशिक्षकको लागि शैक्षिक योग्यता, तालिम वा अनुभव :

१. **मुख्य प्रशिक्षकः** मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधि प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तीमा ३ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको ।

२. **सहायक प्रशिक्षकः** मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह/ डिप्लोमा तह उत्तीर्ण गरी शिक्षण प्रशिक्षण तालिम लिएको वा प्राविधिक एस.एल.सी. वा सीप तह-१ उत्तीर्ण गरी २ वर्षको कार्य अनुभव भएको ।

३. निवेदनसाथ शैक्षिक योग्यता तथा पेशागत तालिमका प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र २ प्रति फोटो समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

पुनश्चः

- ✓ यहाँ उल्लेख भएका बाहेक अन्य विषयमा तालिम प्राप्त गरेका व्यक्तिहरुले समेत आफूले सञ्चालन गर्न सक्ने तालिम उल्लेख गरी दरखास्त दिन सक्नेछन् । परम्परागत प्रकृतिको तालिमको हकमा कम्तिमा ३ वटा सोहि विषयको तालिममा प्रशिक्षण गरेको प्रमाणित हुने कागजात संलग्न गर्नुपर्नेछ ।
- ✓ प्रशिक्षक सूचीकृत फाराम यसै सूचनाको साथ संलग्न गरिएको छ साथै कार्यालयको website: https://csiogulmi.lumbini.gov.np बाट समेत उक्त फाराम प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।
- ✓ यसै सूचना अनुसार रोष्टरमा नाम समावेश गरी न्यूनतम भन्दा माथिल्लो योग्यता भएको अनुभवी प्रशिक्षकलाई प्राथमिकता दिइनेछ । कुनै एक विषयमा आवश्यकता भन्दा बढी व्यक्तिहरुको दरखास्त पर्न आएमा निवेदनसाथ पेश भएका प्रमाणहरुका आधारबाट निर्धारित रोष्टरको योग्यता क्रम वा अन्तरवार्ता द्धारा प्रशिक्षक छनौट गरिनेछ ।
- ✓ प्रशिक्षार्थीको माग अनुसारको विषयको तालिमको लागि प्रशिक्षक सूचिकृत हुन नआएमा समेत कार्यालयले अन्य व्यवस्था मार्फत प्रशिक्षक छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
- थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ तथा ९८५७०८६६५४, ९८५७०८६४५४ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

राजीव अर्याल
अधिकृत

# प्रशिक्षक सूचीकृत फाराम

राजीव अर्याल
अधिकृत

मितिः २०८२/........./..........

श्रीमान् उद्योग अधिकृतज्यू,
घरेलु तथा साना उद्योग कार्यालय, गुल्मी ।

विषयः प्रशिक्षक सूचीकृत सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट सञ्चालन हुने ...................................................... तालिमको लागि प्रशिक्षक आवश्यक भएको व्यहोरा जानकारी आएकोले मैले उक्त विषयमा विगतका केही वर्षदेखि तालिम प्रशिक्षकको रुपमा काम गर्दै आएको र त्यस तालिमको लागि मेरो योग्यता पनि पुग्ने हुँदा उक्त तालिमका लागि प्रशिक्षक सूचीकृत गरिपाउँ भनी तपसिल वमोजिम कागजातसहित यो निवेदन पेश गरेको छु।

तपसिलः

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित विषयको तालिम सञ्चालन सम्बन्धी अनुभवको प्रमाणपत्रको प्रतिलिपि
४. प्रशिक्षक प्रशिक्षण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि

निवेदक

नामः
ठेगानाः
हस्ताक्षरः
सम्पर्क नं.: